क्षीरेश्वरनाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

महेन्द्रनगर, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१।०८२

चलानी नं. : ४२६

मिति : २०८१।०९।२९

**विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना !**

(सूचना प्रकाशन मिति: २०८१।०९।२९)

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत वडा नं १० मा संचालित **श्री जनता माध्यमिक विद्यालय बनिनिया गोपालपुरमा** रिक्त रहेको **प्राथमिक** तहको शिक्षक पद संख्या २ (दुई) मा शिक्षक सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको **च.न.** ६७ मिति **२०८१।०९।१४ गतेको** पत्रबाट अनुरोध भई आएकोले **सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूचि – १७ बमोजिमको ढाँचामा **सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको** सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्च:**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना वा janatamabibaniniyagopalpur@gmail.com वा mr.skyadav23@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

प्रमुख प्रशासकिय अधिकृत

**बाधार्थ:**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, धनुषा।

श्री जनता माध्यमिक विद्यालय बनिनिया गोपालपुर क्षीरेश्वरनाथ नगरपालिका–१०, धनुषाः सूचना टाँस गरी निर्देशिका अनुसार आवश्यक प्रक्रिया अगाडी बढाउनु हुन।